**Published in National Daily Newspaper “Gorkhapatra”**

**on Tuesday 12 November 2024**

**( २०८१ कार्तिक २७ )**

**नेपाल सरकार**

**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

**केन्द्रीय नवीकरणीय ऊर्जा कोष**

**दिगो ऊर्जा च्यालेञ्ज फण्ड मार्फत सहयोग हुन सक्ने आयोजनाहरुको लागि अवधारणा-पत्र** (Concept Note) **आव्हान सम्बन्धी सूचना**

**(प्रकाशित मिति : २०८१ कार्तिक २७ )**

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले केन्द्रीय नवीकरणीय ऊर्जा कोष अन्तर्गत रहने गरी भायबिलिटी ग्याप फण्डिङ्गमा आधारित दिगो ऊर्जा च्यालेञ्ज फण्डको स्थापना गरेको छ । नेपाल सरकार र बेलायत सरकारको सहयोगमा सञ्चालित नेपाल नवीकरणीय ऊर्जा कार्यक्रमको मुख्य लक्ष्य वितरित नवीकरणीय ऊर्जा परियोजनाहरूमा निजी क्षेत्रको लगानी वृद्धि गर्ने तथा सबैमा ऊर्जाको पहुँच पुऱ्याउन सहयोग गर्ने रहेको छ । कार्यक्रमले दिगो ऊर्जा च्यालेञ्ज फण्ड मार्फत वितरित नवीकरणीय ऊर्जा परियोजनाहरुको वित्तीय सम्भाव्यता र दिगो सञ्चालनको लागि वित्तीय र प्राविधिक सहायता प्रदान गर्दै आएको छ ।

दिगो ऊर्जा च्यालेञ्ज फण्ड मार्फत सम्भाव्य परियोजनाहरुमा सहयोगको लागि दुई चरणमा आवेदन आव्हान गरिन्छ । पहिलो चरणमा सम्भावित वितरित नवीकरणीय ऊर्जा (Distributed Renewable Energy-DRE) परियोजनाको अवधारणा पत्रको आह्वान गरिन्छ भने दोस्रो चरणमा पहिलो चरणबाट छनौट भएका अवधारणापत्रहरुबाट पूर्ण प्रस्ताव आव्हान गरिन्छ । प्रस्तुत सूचना मार्फत तपसिल बमोजिमका आयोजना विकासकर्ता तथा वित्तीय संस्थाबाट अवधारणा-पत्र आव्हान गरिएको छ : (१) विद्यमान लघु तथा साना जलविद्युत आयोजना, मिनीग्रिड एवं अन्य नवीकरणीय ऊर्जा आयोजनाहरुको प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय पक्षहरुको सुधारको लागि प्रस्तावित आयोजनाहरु (२) सार्वजनिक निजी साझेदारीका आयोजनाहरु र (३) सहज रुपमा कर्जा प्राप्त गर्न निश्चित अवधिको लागि निश्चित प्रतिशतसम्म बैंक जमानत बसिदिने प्रक्रियामा सहभागी हुन इच्छुक वाणिज्य बैंकहरु । उक्त अवधारणापत्र अनलाइन आवेदन पोर्टल (www.secf.nrepnepal.com) मार्फत पेश गर्नु पर्नेछ। पेश गर्नुपर्ने अवधारणापत्रको प्रकार र समयावधी तपसिल बमोजिम रहेको छ :

| अवधारणापत्रको प्रकार | आवेदन पेश गर्नुपर्ने अन्तिम मिति |
|---|---|
| • विद्यमान लघु तथा साना जलविद्युत आयोजना, मिनीग्रिड अन्य नवीकरणीय ऊर्जा आयोजनाहरुको प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय पक्षहरुको सुधारको लागि प्रस्तावित आयोजनाहरु | सन् २०२४ नोभेम्बर २२ |
| • सार्वजनिक निजी साझेदारीका आयोजनाहरु | |
| • सहज रुपमा कर्जा प्राप्त गर्न निश्चित अवधिको लागि निश्चित प्रतिशतसम्म बैंक जमानत बसिदिने प्रक्रियामा सहभागी हुन इच्छुक वाणिज्य बैंकहरु | |

नोट : तोकिएको समयावधीभित्र पेश गरिएका माथि उल्लेखित आयोजनाहरुको अवधारणापत्रहरु मात्र मूल्यांकन प्रक्रियामा समावेश गरिनेछ ।परियोजना अवधारणा पत्रहरू स्वीकृत वा अस्वीकृत गर्ने अधिकार AEPC/CREF मा सुरक्षित रहनेछ ।

थप जानकारीको लागि नेपाल नवीकरणीय ऊर्जा कार्यक्रमको वेभसाइट **https://www.nrepnepal.com/notices/** हेर्न सकिनेछ वा इमेल ठेगाना **secf_queries@NREPNepal.com** वा फोन नं. ९८०२३२३३१८ मा सिधै सम्पर्क गर्न सकिनेछ । यस सम्बन्धी थप जानकारी www.moewri.gov.np; www.aepc.gov.np; www.cref.gov.np तथाwww.nrepnepal.com. बाट समेत प्राप्त गर्न सकिनेछ ।